धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ११९ ◆ २०८३ कात्तिक २८ शनिबार ◆ Saturday, November 14, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

देउसीभैलोको दक्षिणा माध्यमिक कक्षा सञ्चालनमा

❑ *प्रत्यूष समाचारदाता*

हुम्ला । हुम्लाको सर्केगाड गाउँपालिका-१ तुम्चस्थित देबल आधारभूत विद्यालयले तिहारमा देउसीभैलो खेलेर सङ्कलन गरेको रु दुई लाख १७ हजार ५७५ माध्यमिक तहका कक्षा सञ्चालन मा खर्च गर्ने भएको छ ।

उक्त विद्यालयको शैक्षिक विकास तथा माध्यमिक तहका कक्षा सञ्चालनका लागि आर्थिक स्रोत जुटाउने उद्देश्यले आयोजित देउसीभैलो कार्यक्रमबाट जैर, छिडीनात्ता, लुम र तुम्च क्षेत्रका स्थानीयवासी तथा सहयोगदाता बाट उक्त रकम सङ्कलन भएको विद्यालयका प्रधानाध्यापक मदन बुढाले संचारकर्मीहरु लाई सो क्रममा बताउनुभयो । उक्त रकम माध्यमिक तहका कक्षा सञ्चालन तथा शिक्षक व्यवस्थापन मा खर्च गरिनेछ ।

विद्यालयको शैक्षिक उन्नति र माध्यमिक तह सञ्चालन का लागि उहाँले थप सहयोग गर्न जिल्लाका सबैमा आग्रह गर्नुभएको छ । अभिभावकको मागअनुसार विद्यालयले गत फागुनदेखि कक्षा ९ र १० सञ्चालन गर्दै आएको अध्यक्ष शाहीले बताउनुभयो । माध्यमिक तहको पठनपाठनलाई निरन्तरता दिन देउसीभैलो कार्यक्रम आयोजना गरिएको समेत उहाँले बताउनुभयो ।

आर्थिक गणनामा छ प्रदेशको लगत प्रशोधन सम्पन्न

काठमाडौं । राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक गणनाअन्तर्गत छ वटा प्रदेशका व्यावसायिक प्रतिष्ठानको लगत प्रशोधन कार्य सम्पन्न गरेको छ ।

कार्यालयले कोशी, मधेस, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका व्यावसायिक प्रतिष्ठानको तथ्याङ्क प्रशोधन पूरा गरेको हो । बाँकी बागमती प्रदेशका प्रतिष्ठानको तथ्याङ्क प्रशोधन कार्य भइरहेको गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रशोधन गरिएका करिब ११ लाख व्याव-सायिक प्रतिष्ठानका विवरणमा रहेका त्रुटि, दोहोरिएका विवरण तथा अङ्गत असङ्गति सच्याएर तथ्याङ्को गुणस्तर सुनिश्चित गर्ने काम भइरहेको छ ।

आर्थिक गणनामा कूल १३ लाख ६६ हजार व्यावसायिक प्रतिष्ठान समेटिएका थिए । गत वैशाख २ देखि असार ७ गतेसम्म सञ्चालन गरिएको गणनामा सङ्कलित विवरणलाई सही, विश्वसनीय र उपयोगी बनाउन लगत प्रशोधनका विभिन्न चरण पूरा गरिँदै छ । प्रतिष्ठानको प्रकृतिअनुसार औद्योगिक, व्यापारिक तथा सेवामूलक क्षेत्रका रूपमा वर्गीकरण गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय मापदण्ड अनुसार कोडिङ गरिने निर्देशक ढकालले बताउनुभयो ।

कागजी तथा डिजिटल फाराममा सङ्कलित विवरण केन्द्रीकृत सफ्टवेयर वा डेटाबेसमा प्रविष्ट गर्ने काम अन्तिम चरणमा पुगेको छ । हालसम्म करिब सात लाख व्यावसायिक प्रतिष्ठानको विवरण प्रविष्ट गरिएको उहाँले जानकारी दिनुभयो ।

गणनामा व्यावसायिक कृषि, खानी, उत्पादन तथा उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था सम्बन्धी प्रतिष्ठानको विवरण समेटिएको छ । तथ्याङ्क प्रविष्टि तथा प्रशोधनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको कार्यालयले जनाएको छ । आर्थिक गणनाको प्रतिवेदन तयार भएपछि देशको आर्थिक विकासमा हुने लगानीले सिर्जना गर्ने रोजगारी, वस्तु उत्पादन तथा समग्र अर्थतन्त्रमा पार्ने प्रभावको विश्लेषण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

दुर्घटनाको अध्ययन गर्न छानबिन समिति

काठमाडौं । सरकारले मकवानपुरको भीमफेदी-६ चिसापानीगढीमा बिहीबार भएको सवारी दुर्घटनाको छानबिनका लागि पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ ।

मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा छानबिन समिति गठन गरिएको हो । समितिलाई सात दिनभित्र प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । सरकारले उक्त दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दुर्घटनाको वास्तविक कारण पहिचान गरी आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुझावसहितको प्रतिवेदन दिन छानबिन समिति गठन गरिएको जनाएको छ । काठमाडौं-सर्लाही रुटमा सञ्चालनमा रहेको मधेस प्रदेश ०३-००१ ज ०८८० नम्बरको सवारीसाधन बिहीबार दुर्घटना हुँदा १४ जनाको ज्यान गएको थियो ।


पर्यटकले भरियो सिक्लेस, भ्रमणअघि अग्रिम जानकारी दिन आग्रह

❑ *प्रत्यूष समाचारदाता*

पोखरा । कास्कीको मादी गाउँ पालिका-१ स्थित पर्यटकीय गाउँ सिक्लेसमा पर्यटकको चाप बढेपछि भ्रमणमा जानुअघि अग्रिम जानकारी गराउन आग्रह गरिएको छ ।

तिहारको भोलिपल्ट अर्थात यहि कात्तिक २६ गते एकैदिन एक हजार ३२४ जना पर्यटक सिक्लेस पुगेका छन् । मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङका अनुसार पर्यटक सूचना केन्द्रको तथ्याङ्कमा उक्त सङ्ख्या देखिएको हो । सिक्लेस पुगेका पर्यटकमध्ये अधिकांश आन्तरिक र नौ जना विदेशी रहेका छन् ।

एकैदिन ठूलो सङ्ख्यामा पर्यटक पुगेपछि स्थानीय होटल तथा होमस्टेमा पाहुना व्यवस्थापन गर्न कठिनाइ भएको वडाध्यक्ष गुरुङले बताउनुभयो । केही होटल तथा होमस्टे सञ्चालक तिहार मनाएर गाउँ नफर्किएका कारण व्यवस्थापन मा थप समस्या भएको उहाँको भनाइ छ । पर्यटकको चाप व्यवस्थापन गर्न भ्रमणअघि जानकारी गराउन आग्रह गरिएको उहाँले बताउनुभयो ।



सिक्लेस होटल व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रजङ्ग गुरुङ 'पारस'ले अग्रिम जानकारी र बुकिङ नगरी ठूलो सङ्ख्यामा पर्यटक पुग्दा होटल तथा होमस्टेको क्षमताभन्दा बढी चाप परेको बताउनुभयो । यद्यपि गाउँमा आफन्त तथा स्थानीयका घरमा राखेर भए पनि पर्यटकको व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो ।

दसैँतिहारपछि सिक्लेस आउने पर्यटकको सङ्ख्या बढ्दै गएकाले भ्रमणमा निस्कनुअघि सम्बन्धित होटल, होमस्टे वा पर्यटन व्यवसायीसँग सम्पर्क गर्न अध्यक्ष गुरुङले आग्रह गर्नुभएको छ । उहाँका अनुसार सिक्लेसमा ३२ होटल र ३७ होमस्टे सञ्चालनमा छन् । ती होटलमा एक हजार २०० र होमस्टेमा ३५० जना पाहुना राख्न सकिन्छ ।

गाउँका अन्य घरमा समेत पाहुना व्यवस्थापन गर्दा एकैदिन करिब दुई हजार पर्यटकलाई सेवा दिन सकिने भए पनि अग्रिम जानकारीबिना पर्यटक पुग्दा व्यवस्थापनमा समस्या हुने उहाँले बताउनुभयो ।

सिक्लेस पर्यटन व्यवस्थापन समितिका अध्यक्ष लेखबहादुर गुरुङले पर्यटकको आगमनले स्थानीयको आम्दानी र रोजगारी बढाएको बताउनुभयो । उहाँका अनुसार गाउँका होटल तथा होमस्टेमा करिब १०० स्थानीयले रोजगारी पाएका छन् । पर्यटकको चाप बढ्दा सञ्चालकका परिवारका सदस्यले समेत त्यहाँ आउने पाहुना व्यवस्थापनमा सहयोग गर्ने गरेका छन् । पोखराबाट ३८ किलोमिटरको दूरीमा रहेको सिक्लेसमा करिब ४०० घर छन् । गुरुङ समुदायको बाहुल्यता रहेको यस गाउँमा आउने अधिकांश पर्यटक प्रख्यात पर्यटकीय गन्तव्य कोरी र क्वफुचे हिमताल सम्म पदयात्रा गर्न पुग्ने गरेका छन् ।

बन्दीपुरमा ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पार्क निर्माण हुँदै

❑ *प्रत्यूष समाचारदाता*

दमौली । तनहुँको बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा ६७ फिट अग्लो राष्ट्रिय झण्डासहितको पर्यटकीय पार्क निर्माण गरिने भएको छ । पृथ्वीराजमार्ग नजिकै निर्माण गर्न लागिएको पार्कमा राखिने विशाल राष्ट्रिय झण्डा बिहीबार पहिलोपटक बन्दीपुर बजारमा प्रदर्शन गरिएको छ ।

पार्क निर्माण सम्पन्न भएपछि बन्दीपुरको पर्यटन प्रवर्द्धनसँगै पृथ्वीराजमार्ग भएर यात्रा गर्ने आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने लक्ष्य राखिएको निर्माण समितिले जनाएको छ । पोखरा र काठमाडौं बीच आवतजावत गर्ने यात्रुलाई लक्षित गरी राजमार्ग नजिकै नयाँ पर्यटकीय गन्तव्य विकास गर्न लागिएको हो ।

पार्कमा राखिने राष्ट्रिय झण्डाको उचाइ ६७ फिट, लम्बाइ ४५ फिट र चौडाइ ३० फिट हुनेछ । विशाल झण्डासहितको पार्क निर्माण गर्ने योजनालाई स्थानीय स्तरमा पर्यटन प्रवर्द्धनसँग जोडेर अघि बढाइएको छ । झण्डा पार्क निर्माण समितिका संयोजक शेरबहादुर रानाका अनुसार पार्क निर्माणको काम श्रमदानबाट अघि बढाइएको छ । हालसम्म रु १५ लाखभन्दा बढी बराबरको निर्माण कार्य सम्पन्न भइसकेको उहाँले जानकारी दिनुभयो । पार्क निर्माणको योजना र विशाल झण्डाबारे सर्वसाधारणलाई जानकारी गराउँदै प्रचारप्रसार गर्ने उद्देश्यले झण्डा प्रदर्शन गरिएको हो । झण्डा सार्वजनिक भएपछि निर्माणाधीन पार्कबारे स्थानीयवासी तथा बन्दीपुर भ्रमणमा आउने पर्यटकलाई जानकारी पुग्ने अपेक्षा गरिएको छ । पार्क निर्माणका लागि स्थानीयवासीले श्रमदानसँगै आर्थिक सहयोग जुटाउने अभियान समेत सञ्चालन गरेका छन् । यसैक्रममा निर्माणका लागि आर्थिक स्रोत जुटाउने उद्देश्यले बन्दीपुर बजारमा देउसीभैलो कार्यक्रम आयोजना गरिएको छ ।

तिहारको सांस्कृतिक परम्परालाई निर्माण अभियानसँग जोड्दै देउसीभैलोबाट सङ्कलित रकम पार्क निर्माणमा खर्च गर्ने योजना रहेको स्थानीय अगुवा बासु पन्तले बताउनुभयो । उहाँका अनुसार स्थानीयवासीको सक्रिय सहभागितामा निर्माण कार्य भइरहेको छ । श्रमदान र आर्थिक सहयोग जुटाएर पार्कलाई पूर्णता दिने लक्ष्य राखिएको छ । सामूहिक प्रयासबाट बन्दीपुरमा नयाँ पर्यटकीय आकर्षण थपिने विश्वास गरिएको उहाँले बताउनुभयो । प्राकृतिक सुन्दरता, मौलिक संस्कृति र पुराना बस्तीका कारण बन्दीपुर पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । यहाँ आउने पर्यटकलाई लक्षित गरी थप पूर्वाधार निर्माण गर्ने क्रममा पृथ्वीराजमार्ग नजिकै विशाल राष्ट्रिय झण्डासहितको पार्क बनाउन लागिएको हो । पृथ्वीराजमार्ग भएर दैनिक ठूलो सङ्ख्यामा यात्रु तथा पर्यटक पोखरा र काठमाडौं आवतजावत गर्छन् ।

नेपाली डायस्पोराका समस्या समाधान सरकारको प्राथमिकतामा

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले तुर्किएलगायत विदेशमा बसोबास तथा कार्यरत नेपाली समुदायका समस्या र सरोकारलाई सम्बोधन गर्नु सरकारको प्राथ-मिकतामा रहेको बताउनु भएको छ ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) मा सहभागी हुने क्रममा टर्किएको अन्तात्यामा गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसिसी) तुर्किएका अध्यक्ष विनोद पौडेलसँग भएको भेटवार्ता तथा छलफलका क्रममा परराष्ट्रमन्त्री खनालले उक्त प्रतिबद्धता व्यक्त गर्नुभएको हो । एनआरएनए एनसिसी तुर्किएका अध्यक्ष पौडेलले परराष्ट्रमन्त्री खनालसमक्ष विभिन्न विषय समेटिएको ज्ञापनपत्र बुझाउनुभएको थियो । ज्ञापनपत्र ग्रहण गर्दै परराष्ट्रमन्त्रीले विदेशमा रहेका नेपाली समुदायका समस्या तथा गुनासालाई समयमै सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको मन्त्री खनालको निजी सचिवालयले जनाएको छ ।

उहाँले नेपाली नागरिकलाई प्रभावकारी र सहज कन्सुलर सेवा उपलब्ध गराउने, उनीहरूका गुनासा समयमै सुनुवाइ गर्ने तथा विदेशमा रहेका नेपालीको सुरक्षा र हित संरक्षणलाई सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो ।

कोप-३१ मा नेपाली प्रतिनिधिमण्डलको सहभागिता का क्रममा आवश्यक समन्वय र सहजीकरण गरेकामा इस्लामावाद, कायरोस्थित नेपाली नियोग तथा एनआरएनए एनसिसी तुर्किएको टोलीलाई परराष्ट्रमन्त्री खनालले धन्यवाद व्यक्त गर्नुभएको थियो ।

क्षेत्रीय सहकार्यमा मेहताको जोड

काठमाडौं । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) सदस्य राष्ट्रहरू बीच क्षेत्रीय स्वास्थ्य सहकार्यमा जोड दिनुभएको छ ।

कोलम्बोमा हालै आयोजित बिम्स्टेकको पहिलो स्वास्थ्य मन्त्रीस्तरीय बैठकमा उहाँले स्वास्थ्य चुनौतीहरू राष्ट्रिय सीमामा सीमित नरहने भएकाले सदस्य राष्ट्रहरूबीच समन्वय, सूचना आदानप्रदान र प्राविधिक सहकार्यलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभएको मन्त्री मेहताको निजी सचिवालयले जनाएको छ । कोभिड-१९ महामारी ले कुनै पनि देशले ठूलो स्वास्थ्य सङ्कटको सामना एक्लै गर्न नसक्ने देखाएको भन्दै उहाँले क्षेत्रीय सहकार्यलाई समावेशिता, समानता, आपसी विश्वास र व्यावहारिक साझेदारीमा आधारित बनाउनुपर्ने बताउनुभयो ।

सम्पादकीय ....

बाढीले क्षति पुऱ्याएका खानेपानी संरचनाको पुनर्निर्माणमा सरकारको ध्यान जाओस्

प्राकृतिक विपद् मानिसको नियन्त्रणमा हुँदैन । तर विपद्बाट भएको क्षतिको व्यवस्थापन र पुनर्निर्माण गर्नु राज्यको प्रमुख दायित्व हो । पछिल्लो समय भोटेकोशीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र गोरखालगायतका जिल्लाका विभिन्न क्षेत्रमा ठूलो क्षति पुगेको छ । बाढीले सडक, पुल, विद्युत् तथा खानेपानीका संरचनामा क्षति पुऱ्याउँदा स्थानीय नागरिकको जनजीवन प्रभावित बनेको छ ।

विशेषगरी खानेपानीजस्तो नागरिकको आधारभूत आवश्यकतासँग जोडिएको संरचना क्षतिग्रस्त हुँदा स्थानीय बासिन्दाले ठूलो समस्या भोग्नुपरेको छ । कतिपय स्थानमा खानेपानीका मुहान, पाइपलाइन, ट्यांकी तथा वितरण प्रणालीमा क्षति पुगेको छ । जसका कारण नागरिकहरू स्वच्छ खानेपानीबाट वञ्चित हुनुपरेको अवस्था छ । दैनिक उपभोगका लागि आवश्यक पानी लिन टाढाटाढा धाउनुपर्ने बाध्यता सिर्जना भएको छ ।

खानेपानी मानिसको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । स्वच्छ पानीको अभाव हुँदा नागरिकको स्वास्थ्यमा समेत गम्भीर असर पर्न सक्छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, महिला तथा विरामीहरू बढी प्रभावित हुने सम्भावना रहन्छ । यस्तो अवस्थामा खानेपानीको समस्या समाधान गर्नु सरकारको प्राथमिकतामा पर्नुपर्छ ।

विपद्का बेला राहत वितरण गर्नु मात्र पर्याप्त हुँदैन । विपद्पछि नागरिकको जनजीवन सामान्य अवस्थामा फर्काउन आवश्यक भौतिक संरचनाको पुनर्निर्माण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । बाढीले क्षति पुऱ्याएका खानेपानी आयोजनाको तत्काल प्राविधिक मूल्याङ्कन गरी पुनर्निर्माणको काम अगाडि बढाउन आवश्यक छ ।

यसका लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक छ । स्थानीय सरकारले क्षतिको वास्तविक विवरण संकलन गरी प्राथमिकताका आधारमा पुनर्निर्माण योजना बनाउनुपर्छ । प्रदेश तथा संघीय सरकारले आवश्यक बजेट, प्राविधिक जनशक्ति र निर्माण सामग्री उपलब्ध गराउनुपर्छ । भविष्यमा आउन सक्ने बाढीपहिरोको जोखिमलाई ध्यानमा राखेर सुरक्षित र दीर्घकालीन संरचना निर्माण गर्नुपर्छ । खानेपानीका मुहान तथा वितरण प्रणालीलाई प्राकृतिक विपद्बाट जोगाउने उपायसमेत अवलम्बन गर्न आवश्यक छ ।

विपद्पछिको पुनर्निर्माणमा ढिलाइ हुँदा नागरिकको दैनिक जीवन थप कष्टकर बन्न सक्छ । त्यसैले क्षति पुगेका खानेपानी संरचनाको अवस्था बुझ्न सरकारका प्रतिनिधि तथा प्राविधिक टोली प्रभावित क्षेत्रमा पुग्नुपर्छ । आवश्यक बजेट तत्काल विनियोजन गरी पुनर्निर्माणको कामलाई तीव्रता दिनुपर्छ । स्वच्छ खानेपानी पाउनु प्रत्येक नागरिकको आधारभूत आवश्यकता हो । बाढीका कारण खानेपानीको सुविधाबाट वञ्चित भएका रसुवा, नुवाकोट, धादिङ र गोरखालगायत क्षेत्रका नागरिकको समस्यालाई सरकारले गम्भीरतापूर्वक लिनुपर्छ । राहतसँगै पुनर्निर्माणलाई प्राथमिकता दिँदै क्षतिग्रस्त खानेपानी संरचनाको शीघ्र पुनर्निर्माण गर्न सके मात्र नागरिकले सरकार भएको अनुभूति गर्न सक्नेछन् । त्यसैले प्रभावित क्षेत्रका खानेपानी संरचनाको तत्काल पुनर्निर्माणका लागि सरकारको ध्यान जाओस् ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

भूउपयोग गुरुयोजना विकासको अपरिहार्य आधार

डा ठाकुरप्रसाद भट्ट

दशकौंको विकासको चाहना र प्रयासपछि पनि हामी "के नेपालको विकास सम्भव छ ?" भन्ने जस्ता सवालमा घोल्लिन बाध्य भइरहेका छौं । यो आफैंमा एउटा दुःखद् अवस्था हो । त्यसो त विकास स्वयं जटिल र बहुआयामिक विषय हो; यो त्यति सजिलो र छोटो समयमा हासिल गर्न सकिने विषय पनि होइन तर पनि हाम्रोजस्तो साधन-स्रोतले धनी मानिने देशमा विकासले एउटा भरपर्दो लयसमेत समात्न नसकेको अवस्था रहनु विडम्बनायुक्त विषय हो ।

खासमा विकासको सपना देखेर वा यसको हुटहुटी भएर मात्र कुनै पनि देशले अपेक्षित विकास हासिल गर्न सम्भव हुँदैन । यस्तो सोचले विकासलाई खण्ड-खण्डमा वा कुनै विशेष क्षेत्रमा हुने विकासलाई मात्र ध्यान दिने गर्छ । यसबाट समग्रतामा विकासको ढाँचा निर्माण गरी एउटा लयमा अघि बढाउने काम हुन सक्दैन । हामीकहाँ दशकौंदेखि गरिएका विकासका प्रयासहरू कतै यस्तै खण्डित दृष्टिकोणका कारणले पूर्णता हासिल गर्न वा समग्र विकासको दिशातर्फ अघि बढ्न नसकेका हुन् कि भनेर प्रश्न गर्नुपर्ने देखिन्छ । त्यसैले विकासलाई समग्रतामा सोच्ने दृष्टिकोणले यसका कारणहरूको पहिचान गर्न र विकासका लागि चाहिने आधारभूत आधारहरूको खोजी गर्न सघाउँछ । हामीकहाँ विकासको सम्भावना छ तर त्यसका लागि आवश्यक वातावरण नै छैन भन्ने विचार र भावना सदैव रहिआएको छ । हो, त्यसैले पहिलो आवश्यकता विकासको आधार वा वातावरण तय गर्नु हो । यस्ता आधारहरूमध्ये हालसम्मको बहसमा छुटेको र प्राथमिकतामा नपरेको विषय हो-भूउपयोग गुरुयोजना । विकासको बाटोमा लाग्दा क्षेत्रीय विकास, एकीकृत ग्रामीण विकास आदि जस्ता अवधारणा र योजनाहरू नआएका होइनन् तर प्रसिद्ध भूगोलविद एवं विकासविद डा हर्क गुरुङको पहलमा चौथो योजनामा समावेश गरिएको क्षेत्रीय विकास योजनाको नीतिले पूर्णता: पाउन सकेन भने भूउपयोग गुरुयोजनाको नीति लागु नै हुन सकेन । यहाँ मनन गर्नुपर्ने पक्ष के छ भने सबै कुरा पुरानै अवस्थामा राखेर विकासको आधार निर्माण हुन सक्दैन । स्वत: बन्दै जाने, आफसेआफ हुँदै जाने विकासको शैली अँगालेर वा हचुवा तवरमा योजनाहरू छोरेर ठोस र दिगो विकास हासिल हुन सक्दैन तर हाम्रा सडकलगायतका भौतिक पूर्वाधार र बस्तीहरू समग्र विकासको ढाँचामा आधारित नभई अलग-अलग र एक किसिमको हचुवा शैलीमा निर्माण भइरहेका छन् । फलस्वरूप, यस्तो विकासले विकासको झलक दिन सकिरहेको छैन ।

यस्तो हुनुको पछाडि हाम्रा विकासका योजनाहरू वस्तुनिष्ठ विश्लेषण र परिवेशमा आधारित साझा आवश्यकताका आधारमा नभई राजनीतिक पक्षधरता र लोकप्रियताका आधारमा बन्ने गरेका छन् । यसको एउटा उदाहरण राष्ट्रिय गौरवका आयोजनाहरूको छनोट समेत कतिपय अवस्थामा साझा राष्ट्रिय प्राथमिकताभन्दा राजनीतिक तथा दलीय प्राथमिकता बाट प्रभावित हुने गरेको आलोचना हुँदै आएको छ । तराई र पहाडमा समेत गरी तीनवटा पूर्व-पश्चिम राजमार्ग सञ्चालनमा आइसकेको अवस्थामा चुरेजस्तो संवेदनशील भूगोल, जैविक विविधताले भरिपूर्ण र पातलो बस्ती भएको क्षेत्रमा छोटो दूरीको अन्तरालमा नै अर्को समानान्तर राजमार्ग निर्माण गर्नुपर्ने आवश्यकता किन पऱ्यो ? जबकि पहाडी भेगमा रहेको पुष्पलाल लोकमार्ग र तराईमा रहेको हुलाकी मार्ग वर्षौंदेखि पूरा हुन सकेका छैनन् । हुनसक्छ, हामीलाई तीनवटा पूर्व-पश्चिम राजमार्ग भइसकेको अवस्थामा उत्तर-दक्षिण मार्गहरू लाई तिनमा जोडिदिँदा आर्थिक विकास र व्यवसायका लागि उचित वातावरण सिर्जना गर्न सकिने थियो । भूउपयोग गुरुयोजनालाई आधार बनाएर बस्तीहरूको अवस्था, आर्थिक-सामाजिक सम्भाव्यता र वातावरणीय पक्षसमेतको लेखाजोखा गरिएको भए उपयुक्त यातायात सञ्जाल वा प्रणाली विकास गर्न सहज हुने थियो । देशैभरि डोजरे सडकहरू बनिरहेका छन् । बेहिसाब सडक निर्माणको एउटा दृष्टान्त काठमाडौंबाट हेटौंडा जाने सडकहरूलाई लिन सकिन्छ । काठमाडौं-तराई/मधेस द्रुतमार्ग सहित मूल सडक तथा उपसडक गरी यस क्षेत्रमा नौवटा सडक निर्माण भइसकेका वा निर्माणाधीन छन् तर, वर्षायाममा दिगो रूपमा सञ्चालन हुन सक्ने सडकको अभाव देखिन्छ । आखिर कतिवटा सडकले हाम्रो आवश्यकता पूरा गर्ने हो र त्यसको निर्धारण कसरी गर्ने हो ? एकातर्फ सडकको सञ्जाल गाउँ-गाउँसम्म पुगिरहेको छ भने अर्कोतर्फ गाउँहरूबाट बसाइँ सराइका कारण गाउँहरू खाली हुँदै गएका छन् र त्यहाँ आर्थिक-सामाजिक विकासका गतिविधिहरू अवरुद्ध भइरहेका छन् । अर्को देखिएको समस्या देशका अधिकांश पालिकाहरूमा फोहर व्यवस्थापनको रहेको छ । यसमा खासगरी फोहर व्यवस्थापन गर्ने साइटको पहिचान हुन सकेको छैन । त्यस्तै, बस्ती बस्नुपर्ने ठाउँमा बस्तीको विकास हुन सकेको छैन भने उर्वर फाँटहरूमा सडक हुलेर हचुवा तवरमा घरहरू निर्माण गर्दै योजनाविहीन रूपमा बस्तीहरू बनिरहेका छन् । यस्तो अवस्थाले के देखाउँछ भने हाम्रा विकासका प्रयासहरू दिगो विकास हासिल गर्ने उद्देश्यले योजनाबद्ध र एकीकृत तवरमा भइरहेका छैनन् । अझ, भौतिक पूर्वाधारका योजनाहरू निर्माण गर्दा ती योजनाहरूले कस्तो आर्थिक र सामाजिक लाभका अवसर र आधार सिर्जना गर्न सक्छन् भनेर पर्याप्त अध्ययन हुन सकिरहेको छैन । यदि यस्तो हुँदो हो त हाम्रा गाउँहरूमा सडक, पानी र बिजुली पुग्दा पनि ती किन खाली भइरहेका छन् ? किन हाम्रा उर्वर जग्गाहरूमा घरहरू बनेर कृषि भूमि नास भइरहेको छ र कृषि व्यवसाय ओरालो लागिरहेको छ ? यस्ता प्रश्नहरू उठिरहेका छन् ।

समस्याहरूको समाधानको एउटा महत्वपूर्ण आधार भनेको भूउपयोग गुरुयोजनाको आधारमा समग्र विकास र आर्थिक-सामाजिक गतिविधिहरू सञ्चालन गर्नु हो । हाम्रोजस्तो भौगोलिक विविधता र प्राकृतिक प्रकोपको उच्च जोखिम रहेको देशमा विकासका हरेक योजना तय गर्न यसलाई अनिवार्य आधार बनाइनुपर्ने विषय हो । हामी कहाँ २०७२ सालको भूकम्पका बेला एकीकृत बस्ती विकासको चर्चा चलेको थियो भने हालैको भोटेकोशी-त्रिशूली बाढीको सन्दर्भमा बस्ती स्थानान्तरणको चर्चा चलिरहेको छ । यस्तो अवस्थामा यदाकदा भूउपयोग योजनाको चर्चा चल्छ । तर हुनुपर्ने के हो भने भूउपयोग गुरुयोजनाको नीतिलाई बस्ती विकासदेखि भौतिक पूर्वाधार र समग्र सामाजिक-आर्थिक विकासको आधार बनाइनु जरुरी हुन्छ । यसले नै विकासको बलियो आधार निर्माण गर्छ ।

विकासका लागि चाहिने वातावरण निर्माण गर्न आवश्यक नीतिहरूको अभावमा खण्डीकृत वा टुक्रे विकासका कुरा गरेर वास्तविक र दिगो विकास हासिल हुन सक्दैन । अहिलेसम्मका हाम्रा विकास प्रयासहरू प्रभावकारी र परिणाम मुखी हुन नसक्नुको एउटा महत्वपूर्ण कारण भूउपयोग गुरुयोजनाको नीति अवलम्बन नगर्नु हो तर यो विषय पर्याप्त बहसमा आउन सकेको छैन । यसका कारण हाम्रा सीमित स्रोत-साधनहरूको उचित सदुपयोग हुन नसकिरहेको मात्र होइन, अनियोजित विकासले कतिपय अवस्थामा विनाशसमेत निम्त्याइ रहेको छ । फलत: विकासले अपेक्षित आर्थिक-सामाजिक विकासको दिशा समात्न सकेको छैन । भूउपयोग गुरुयोजना लाई समग्र विकासको आधार मान्नुको प्रमुख कारण क्षेत्रगत विकासका योजनाहरू निर्माण गर्न यसले बलियो आधार प्रदान गर्नु हो । यही आधारमा यातायात तथा समग्र 'कनेक्टिभिटी'को योजना बनाउन सहज हुन्छ । त्यसैगरी, जोखिमयुक्त तथा सुरक्षित क्षेत्रहरूको पहिचान गरी बस्ती विकासको योजना बनाउन सकिन्छ । जलवायु परिवर्तनका कारण बढ्दै गएको जोखिमको मूल्याङ्कन गरी नयाँ बस्ती मात्र होइन, पुराना बस्तीलाई समेत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएको छ । योजनाबद्ध रूपमा विकास गरिएका एकीकृत र केन्द्रित बस्तीहरूमा पूर्वाधार तथा सेवाहरू सहज र कम लागतमा उपलब्ध गराउन सकिन्छ । यस्ता बस्तीमा आर्थिक गतिविधि चलायमान हुनुका साथै सामाजिक सेवाहरूको पहुँच पनि सहज हुन्छ । संसारका अधिकांश व्यवस्थित बस्तीहरू कुनै न कुनै रूपमा भूउपयोग योजना वा त्यसमा आधारित दीर्घकालीन योजनाका आधारमा नै विकास भएका छन् । कृषि, वन, पर्यटनजस्ता आर्थिक विकासका क्षेत्रहरूको योजनाबद्ध विकासका लागि पनि भूउपयोग गुरुयोजनाले महत्वपूर्ण आधार प्रदान गर्दछ । कृषि विकासका लागि स्थानीय उत्पादनलाई कसरी बजारसँग जोड्ने भन्ने योजना पनि यही आधारमा बनाउन सम्भव हुन्छ । त्यसैगरी, पालिकाहरूबीचको सहकार्यमा जटिल बन्दै गएको फोहर व्यवस्थापनको समस्या समाधानका उपाय पहिचान गर्न पनि भूउपयोग गुरुयोजनाले आधार प्रदान गर्न सक्छ । भूउपयोग गुरुयोजना भौतिक पूर्वाधारका योजनाका लागि मात्र आवश्यक हुने होइन; सामाजिक तथा आर्थिक विकासका योजनाका लागि पनि यो बलियो आधार बन्न सक्छ । विद्यालय तथा अन्य शैक्षिक संस्थाहरू कहाँ र कसरी केन्द्रित गर्ने, अस्पतालहरू कहाँ आवश्यक छन्, औद्योगिक क्षेत्रहरू कहाँ स्थापना गर्न उपयुक्त हुन्छन् जस्ता विभिन्न पक्षलाई पनि भूउपयोग गुरुयोजनाले मार्गदर्शन गर्न सक्छ ।

यसरी समग्र विकासको आधार बनाइनुपर्ने भूउपयोग गुरुयोजना तयार गर्न र कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य हुनु आवश्यक छ ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

गाउँमा शिक्षाको ज्योति फैलाउँदै पुस्तकालय

जनकपुर । विदेह नगरपालिका-८ बफै गाउँको चन्द्रोदय पुस्तकालयले २७ वर्षदेखि ग्रामीण क्षेत्रमा पठन संस्कृति र शैक्षिक चेतना अभिवृद्धि गर्दै शिक्षाको ज्योति फैलाएको छ ।

पुस्तकालयको २७औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा मधेस प्रदेशसभाका सभामुख रामअशिष यादवले ग्रामीण क्षेत्रमा शिक्षा र चेतनाको विकासमा पुस्तकालयको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । नेपाल विद्युत् प्राधिकरणका निर्देशक सूर्यनारायण मण्डलले आधुनिक प्रविधिको विकाससँगै पुस्तकालयलाई पनि 'डिजिटाइज' गर्नुपर्नेमा जोड दिनुभयो ।

सो क्रममा पुस्तकालयका संस्थापक अध्यक्ष ठकुप्रसाद साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घका वरिष्ठ उपाध्यक्ष जगदीश साह, स्थानीय शिक्षक ब्रह्मदेव साहले पठन संस्कृतिबाट युवापुस्ता विमुख भएकामा चिन्ता व्यक्त गर्नुभयो ।

युएईका लगानीकर्तालाई नेपालका सम्भावनायुक्त क्षेत्रमा लगानी गर्न ढकालको आग्रह

काठमाडौँ । नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त अरब इमिरेट्स (युएई) का लगानीकर्तालाई नेपालमा जलविद्युत्, पर्यटन, कृषि, सूचना प्रविधि तथा 'डेटा सेन्टर'मा लगानी गर्न आग्रह गर्नुभएको छ ।

युएईको रास अल खैमाहमा आयोजित 'आरएके इन्भेस्टमेन्ट समिट' मा सहभागी हुन त्यहाँ पुग्नुभएका अध्यक्ष ढकालले बिहीबार दुबईमा युएईका विदेश व्यापारमन्त्री डा थानी बिन अहमद अल जेउदीसँगको भेटमा यस्तो आग्रह गर्नुभएको हो । पूर्वअध्यक्ष ढकालको निजी सचिवालयका अनुसार उहाँहरूबीच नेपाल-युएई सम्बन्ध, व्यापार विस्तार तथा नेपालमा उपलब्ध लगानीका अवसरबारे छलफल भएको थियो । फ्लाई दुबईले युएईबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलसम्म सिधा उडान सुरु गरेकामा त्यसको प्रशंसा गर्दै भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा पनि सिधा उडान सञ्चालनका लागि प्रयास गर्न समेत सो क्रममा उहाँले अनुरोध गर्नुभयो ।

मुन्दु-सेरा जोड्न झोलुङ्गे पुल बन्ने

मुगु । मुन्दु गाउँ र सेराको जोड्ने २५० मिटर लामो झोलुङ्गे पुल निर्माण हुने भएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पुल निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरिएको बताउनुभएको छ ।

हालै यहाँ स्थानीयसँग आयोजना गरिएको छलफलमा मुख्यमन्त्री शाहीले कोटिला र मुन्दु गाउँका बासिन्दालाई स्थानीय सडक मर्मतसम्भारसँगै धार्मिक र पर्यटकीय महत्वको ऋणमोक्ष धामसम्म पुग्ने बाटो पनि सुधार गरिने प्रतिबद्धता व्यक्त गर्दै पुल निर्माणको प्रक्रिया तत्काल प्रारम्भ गरिने बताउनुभयो ।

पुल निर्माणपछि मुन्दु, कोटिला, लिउडी, घट्टलेक, तलीलेक, लुवारपोल्नालगायत दर्जनौँ बस्तीका स्थानीयलाई आवतजावतमा सहज हुनेछ ।

मुन्दु-सेरा जोड्न झोलुङ्गे पुल बन्ने

मुगु । मुन्दु गाउँ र सेराको जोड्ने २५० मिटर लामो झोलुङ्गे पुल निर्माण हुने भएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले पुल निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरिएको बताउनुभएको छ ।

हालै यहाँ स्थानीयसँग आयोजना गरिएको छलफलमा मुख्यमन्त्री शाहीले कोटिला र मुन्दु गाउँका बासिन्दालाई स्थानीय सडक मर्मतसम्भारसँगै धार्मिक र पर्यटकीय महत्वको ऋणमोक्ष धामसम्म पुग्ने बाटो पनि सुधार गरिने प्रतिबद्धता व्यक्त गर्दै पुल निर्माणको प्रक्रिया तत्काल प्रारम्भ गरिने बताउनुभयो ।

पुल निर्माणपछि मुन्दु, कोटिला, लिउडी, घट्टलेक, तलीलेक, लुवारपोल्नालगायत दर्जनौँ बस्तीका स्थानीयलाई आवतजावतमा सहज हुनेछ ।

विपद्मा परेकालाई सघाउन अक्षयकोष

म्यार्दी । रघुगङ्गा गाउँपालिका-१ बेगका बासिन्दाले रु एक करोडको आपत्कालीन अक्षयकोष स्थापना गरेका छन् । कोषमा रु ७० लाख सङ्कलन भएको छ ।

बेगखोला कल्याणकारी समाजका संस्थापक योगकुमार फगामीले विपद् र दुर्घटनामा परेकालाई सघाउन कोष स्थापना गरिएको बताउनुभयो । "दुर्घटनामा घाइते भएका, गर्भवती, बिरामी र विपद्बाट प्रभावितलाई सघाउन कोष स्थापना गरिएको हो", उहाँले भन्नुभयो, "हालसम्म रु ७० लाख सङ्कलन भएको कोषमा रु एक करोड



पुऱ्याएर मूलधन नमासिने र ब्याज परिचालन गरिनेछ ।"

साविक बेग गाविसको तिप्ल्याङ, बादुक, बेगखोला, सिम, बेगटोलको जनसङ्ख्या एक हजार छ ।

नेपालद्वारा पर्वतीय क्षेत्र तथा जलवायु परिवर्तनको मुद्दालाई संस्थागत एजेन्डा बनाउन आग्रह

टर्किए । नेपालले पर्वतीय क्षेत्र र जलवायु परिवर्तनका मुद्दालाई संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (यूएनएफसीसीसी) अन्तर्गतको वार्तामा स्थायी तथा संस्थागत एजेन्डाका रूपमा स्थापित गर्न आग्रह गरेको छ ।

जलवायु परिवर्तनका कारण पर्वतीय क्षेत्रमा बढ्दै गएको जोखिम, हिमताल विस्फोटजन्य विपद्, जनधनको क्षति र पारिस्थितिक प्रणालीमा परेको असर सम्बोधन गर्न छुट्टै कार्ययोजना, नियमित सं वाद र उच्चस्तरीय राजनीतिक प्रतिबद्धता आवश्यक रहेको नेपालले जनाएको छ ।

कोप-३१ अन्तर्गत यहाँ आयोजित पर्वतीय क्षेत्र तथा जलवायु परिवर्तनसम्बन्धी अध्यक्ष स्तरीय परामर्शमा नेपालको धारणा प्रस्तुत गर्दै कृषि, वन तथा वातावरण मन्त्रालयका सहसचिव एवं जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले पर्वतीय क्षेत्रका समस्या छलफलमा मात्र सीमित हुन नहुने बताउनुभयो । नेपाल र भुटानका तर्फबाट साझा धारणा प्रस्तुत गर्दै उहाँले पर्वतीय क्षेत्र तथा जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्यसूचीको माग कुनै सैद्धान्तिक विषय नभई पर्वतीय मुलुकले भोगिरहेको गम्भीर मानवीय तथा वातावरणीय सङ्कटको परिणाम भएको उल्लेख गर्नुभयो ।

नेपालको भोटेकोशी क्षेत्रमा हालै भएको विनाशकारी हिमबाढीले मानवीय जीवन, जनजीविका र भौतिक पूर्वाधारमा ठूलो क्षति पुर्याएको उल्लेख गर्दै उहाँले बढ्दो तापक्रम र विश्वव्यापी तापक्रम वृद्धि १.५ डिग्री सेल्सियस को सीमाभन्दा माथि पुग्ने जोखिमले पर्वतीय क्षेत्रको सङ्कट थप गम्भीर बनाएको बताउनुभयो । पर्वतीय क्षेत्रको मुद्दा जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय वार्ताका लागि नयाँ नभएको उल्लेख गर्दै डा ढकालले कोप-२८ मा सम्पन्न पहिलो विश्वव्यापी प्रगति समीक्षाले पर्वतीय क्षेत्रसम्बन्धी विज्ञ संवादको म्यान्डेट दिएको जानकारी समेत गराउनुभयो । उक्त संवाद सन् २०२४ मा सम्पन्न भएको थियो । कोप-३० को प्रक्रियाले सन् २०२६ मा अर्को संवाद आयोजना गर्ने विषयलाई अघि बढाएको उहाँले बताउनुभयो । यी प्रयास सकारात्मक भए पनि पर्वतीय क्षेत्रका चुनौती सम्बोधन गर्न पर्याप्त नभएको उल्लेख गर्दै उहाँले संरचित, निरन्तर र परिणाममुखी संस्थागत प्रक्रिया आवश्यक रहेकोमा जोड दिनुभयो । नेपालले पर्वतीय क्षेत्र तथा जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्यकार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरेको छ । उक्त कार्यक्रमले जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन, हानि तथा क्षति र कार्यान्वयनका साधनलाई समेट्नुपर्ने नेपालको माग छ ।

त्यसैगरी, पर्वतीय मुद्दामा निरन्तरता र ठोस उपलब्धि सुनिश्चित गर्न संस्थागत वार्षिक संवादको व्यवस्था तथा राजनीतिक तहको ध्यानाकर्षण र प्रतिबद्धता बढाउन उच्चस्तरीय पर्वतीय संवाद आयोजना गर्न नेपालले प्रस्ताव गरेको छ ।

पर्वतीय पारिस्थितिक प्रणालीमा जलवायु परिवर्तनले पारेको प्रभावबारे वैज्ञानिक अनुसन्धान र अध्ययन विस्तार गर्नुपर्नेमा पनि नेपालले जोड दिएको छ । तापक्रम वृद्धिको प्रभाव, १.५ डिग्री सेल्सियसको सीमाभन्दा माथि पुग्ने तापक्रमको परिमाण र अवधि तथा त्यसले पर्वतीय र तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने समुदायमा पार्ने असरबारे थप वैज्ञानिक अध्ययन आवश्यक रहेको नेपालले जनाएको छ । नेपालले जलवायु परिवर्तनको उच्च जोखिममा रहेका पर्वतीय मुलुकलाई वित्तीय स्रोत, प्रविधि हस्तान्तरण, क्षमता विकास, पूर्वसूचना प्रणाली तथा हानि र क्षति सम्बोधनका लागि तत्काल र थप सहयोग उपलब्ध गराउन अन्तराष्ट्रिय समुदायसँग आग्रह गरेको छ ।

पर्वतीय क्षेत्रमा जलवायु परिवर्तनका असर भविष्यका सम्भावित जोखिम मात्र नभई वर्तमानमै देखिइरहेका वास्तविकता भएको उल्लेख गर्दै डा ढकालले यसको प्रभाव पर्वतीय क्षेत्रमा मात्र सीमित नरही अन्य क्षेत्रमा समेत फैलिने बताउनुभयो ।

पर्वतीय क्षेत्रका समस्या बढिरहेका बेला एउटा संवादपछि अर्को संवाद आयोजना गरेर मात्र पर्याप्त नहुने स्पष्ट पार्दै उहाँले वैज्ञानिक तथ्य र राजनीतिक प्रतिबद्धतालाई तत्काल कार्यान्वयन तथा सहयोगमा रूपान्तरण गर्ने संस्थागत संरचना आवश्यक रहेको बताउनुभयो ।

नेपालले पर्वतीय क्षेत्र तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा कोप-३१ बाट सार्थक र ठोस निष्कर्ष निकाल्न सम्मेलनको अध्यक्षमण्डल तथा सबै पक्ष राष्ट्रलाई आग्रह गरेको छ ।

नेपाल र भुटानको साझा धारणाले पर्वतीय मुलुकका जलवायु जोखिम, वित्तीय आवश्यकता र अन्तरराष्ट्रिय जलवायु वार्तामा पर्वतीय मुद्दाको संस्थागत मान्यता लाई प्राथमिकता दिएको छ ।

शुक्रबारदेखि नै छठ पर्व सुरु, मिथिला क्षेत्र छठमय

महोत्तरी । दीपावली पर्व सकिएसँगै कार्त्तिक शुक्ल चतुर्थी अर्थात् आजदेखि सुरु हुँद गरेको छठ पर्वका अवसरमा महोत्तरी सहित मिथिला क्षेत्रका गाउँबस्ती र बजारमा चहलपहल बढेको छ । चार दिनसम्म मनाइने यस पर्वको तयारीमा स्थानीयवासी जुटेका छन् ।

आस्था, निष्ठा र भक्तिको पर्व मानिने छठको तयारीस्वरूप मिथिला क्षेत्रका घरघरमा छठका गीत गुञ्जिन थालेका छन् । सूर्यदेव र षष्ठीदेवी (छठीमाता) को महिमा गाइने भक्तिगीतले मिथिलाको वातावरण छठमय बनेको छ ।

पर्वको तयारीका लागि स्थानीयवासी नदीकिनार, पोखरी तथा धार्मिक महत्वका जलाशयमा छठघाट निर्माण र सरसफाइमा जुटेका छन् । विशेषगरी युवा छठघाट निर्माण तथा सजावटमा सक्रिय देखिएका छन् । बाँसका भाटा र झिक्रा प्रयोग गरी बनाइएका घरका भित्ता लिपपोत तथा रङरोगन गरेर सजाउने काम पनि भइरहेको छ । सडक, घर र सार्वजनिक स्थलमा झिलिमिली बत्ती जडान गरिएका छन् ।

धनी, गरिब सबैले आफ्नो क्षमताअनुसार श्रद्धा र निष्ठाका साथ पर्व मनाउने तयारी गरेका छन् । छठको तयारीसँगै स्थानीयवासीको दैनिकी पनि पर्वकेन्द्रित बनेको छ । भेटघाट र कुराकानीदेखि घरायसी कामकाजसम्म छठकै तयारीमा केन्द्रित हुन थालेको बर्दिबास-१३ बिजलपुरास्थित जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिदेव महतोले बताउनुभयो ।

मिथिला क्षेत्रका बजारमा छठ पूजाका सामग्री किन्नेको भीड लागेको छ । केराका घरीसहित पर्वमा आवश्यक सामग्रीको बिक्री बढेको छ । स्थानीय किसानले छठ पूजामा प्रयोग हुने उखुका लाँक्रा, अदुवा, बेसारका बोट, मुठा, ज्यामिर र जटासहितका सामग्री बजारमा ल्याउने तयारी गरिरहेका छन् । यस्ता सामग्रीको बिक्री शनिबार मुख्य रूपमा हुने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष शिवचन्द्र चौधरीले बताउनुभयो ।

यसैगरी छठ पूजाका सामग्री राख्न तथा अन्य प्रयोजनका लागि बाँसका चोया र कप्टेराबाट बनाइने ढकी, डलिया, कोनियाँ, नाइलो, चाल्नो र पङ्खाको बिक्री पनि साप्ताहिक हाटबजारमा बढेको छ । बत्ती बाल्न प्रयोग हुने दियो, दही जमाउने छ्याँची, पूजासम्बन्धी सामग्री राख्ने टौला, पानी राख्ने अङ्गरा र गाग्रीलगायत माटाका भाँडाको बजार पनि बढेको छ । छठमा नयाँ भाँडामा पूजासामग्री राख्ने परम्पराका कारण बाँसका सामग्री र माटाका भाँडाको माग बढेको हो ।

घरघरमा छठको प्रसाद तयार गर्ने चटारो पनि बढेको छ । ठकुवा र भुसुवासहितका प्रसाद बनाउन गृहिणी व्यस्त छन् । चामल र गहुँको पिठो घरमै ढिकी र जाँतोमा कुट्ने तथा पिँध्ने परम्परा अझै कायम छ ।

शुद्धता र पवित्रतालाई विशेष महत्व दिइने यस पर्वमा परिवारका सदस्यको सहयोगमा प्रसाद तयार गरिन्छ । मिथिलानी अर्थात् मिथिलाका महिलाहरू छठका लागि चामल र गहुँको पिठो तयार गर्न व्यस्त छन् । भङ्गाहा-४ रामनगरकी ५५ वर्षीया शान्तिदेवी साहले छठको तयारीमा निष्ठा सबैभन्दा महत्वपूर्ण पक्ष रहेको बताउनुभयो । मिथिलामा कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन छठ पर्व मनाइन्छ । पर्वको पहिलो दिन 'नहाय-खाय' विधिवाट सुरु हुने छठमा दोस्रो दिन 'खरना' गरिन्छ । तेस्रो दिन व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन् भने चौथो दिन बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि पर्व सम्पन्न हुन्छ । छठ पर्वमा पुराना मनमुटाव बिर्सेर सबै एकै ठाउँमा भेला भई सूर्यदेवको आराधना गर्छन् । छठघाटमा जातीय तथा सामुदायिक विभेद नगरी सबैले एकै लहरमा बसेर पर्व मनाउने परम्परा छ । पर्वको तयारीमा सहभागी हुँदा धार्मिक आस्थाले मानिसलाई विनम्र र सहयोगी बनाउने स्थानीयवासीको विश्वास छ । सूर्यदेव र षष्ठीदेवीको उपासना गरिने यस पर्वले मङ्गल र कल्याण गर्ने जनविश्वास छ ।

प्रविधिमा सहकार्य गर्ने विषयमा छलफल

काठमाडौँ । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले कतार र इस्टोनियाका समकक्षीसँग सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा द्विपक्षीय सहकार्य विस्तार गर्ने विषयमा छलफल गर्नुभएको छ ।

अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को सन् २०२६ को महासम्मेलन (आइटियु पीपी-२६) मा सहभागी हुन कतारको दोहा पुग्नुभएका मन्त्री तिमिल्सिनाले कतारका सञ्चार तथा सूचना प्रविधिमन्त्री मोहम्मद बिन अली अल मन्नाईसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको नेपाली राजदूतावास, दोहाद्वारा विहीबार जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

दोहा एक्जिबिसन एन्ड कन्भेन्सन सेन्टरमा आयोजित सम्मेलनका अवसरमा भएको भेटमा मन्त्री तिमिल्सिनाले गत अगस्ट २६ मा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकका लागि राहत सामग्री उपलब्ध गराएकोमा कतार सरकार प्रति आभार व्यक्त गर्नुभयो । उहाँले सन् २०२४ अप्रिलमा कतारका अमिर शेख तमिम बिन हमाद अल थानीले गर्नुभएको नेपालको राजकीय भ्रमणको स्मरण गर्दै दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध र दीर्घकालीन मित्रताको चर्चा गर्नुभयो । साथै, नेपाल र कतारबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सव नजिकिँदै गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

नेपालजस्तो भौगोलिक विविधता भएको मुलुकका लागि दूरसञ्चार क्षेत्रको महत्त्व उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले यस क्षेत्रमा कतारले हासिल गरेको प्रगतिको प्रशंसा गर्नुभयो । भेटमा दुई देशबीच सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा सहकार्यका सम्भावना र अवसर विस्तार गर्ने विषयमा छलफल भएको विषय विज्ञप्तिमा जनाइएको छ ।

सडकका कुकुरको न्यवस्थापन गर्न कुकुर होस्टेल

बागलुङ । बागलुङ नगरपालिकाले सडकमा छाडिएका तथा भुस्याहा कुकुरको व्यवस्थापनका लागि सञ्चालनमा ल्याएको 'कुकुर होस्टेल' प्रभावकारी बन्दै गएको छ। सडकका कुकुरको उद्धार गरी आवास, खानपान र उपचारको व्यवस्था गरिएको होस्टेल नेपालमै नमुना कार्यक्रमका रूपमा विकास हुँदै गएको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले पाँच महिना देखि सामुदायिक तथा भुस्याहा कुकुरको व्यवस्थापन गर्दै आएको छ । कुकुरको सङ्ख्या बढ्दै जाँदा बजार क्षेत्रमा समस्या देखिएपछि नगरपालिकाले उद्धार गरी होस्टेलमा राखेर स्याहारसुसार गर्न थालेको हो । नगरपालिकाको यो प्रयासबारे जानकारी लिन अन्य स्थानीय तहका प्रतिनिधिसमेत अध्ययनका लागि आउन थालेका छन् ।

बागलुङ बजारमा सडकका कुकुरबाट समस्या बढेपछि नगर पालिकाले दीर्घकालीन व्यवस्थापनको योजना अघि सारेको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । नगरपालिकाले पहिलो चरणमा ५० वटा कुकुर राख्न सकिने क्षमताको होस्टेल निर्माण गरी ३० वटा कुकुर राखेर व्यवस्थापन सुरु गरेको छ ।

नगरपालिकाले लामो समयदेखि सडकमा छाडिएका कुकुर सङ्कलन गर्ने अभियान सञ्चालन गर्दै बागलुङ नगरपालिका-३ स्थित पाँच रोपनी सार्वजनिक जग्गामा होस्टेल निर्माण गरेको हो । जग्गामा तारबारसहितको संरचना बनाउन रु एक करोड खर्च भएको नगरपालिकाको पशु शाखा प्रमुख मित्रप्रसाद सापकोटाले जानकारी



दिनुभयो । नवप्रवर्तन कार्यक्रम अन्तर्गत बागलुङ नगरपालिकाले मुख्यमन्त्री कार्यालयको साझेदारीमा होस्टेल निर्माण गरेको हो । यसका लागि नगरपालिकाले रु ३५ लाख र मुख्यमन्त्री कार्यालयले रु ६५ लाख खर्च गरेका छन् ।

होस्टेलमा कुकुरका लागि आवास, खानपान र खुला क्षेत्रमा बस्ने व्यवस्था मिलाइएको छ । सामुदायिक कुकुरको व्यवस्थित संरक्षणका लागि नगरपालिकाले दुई वर्षअघि नै नीति तथा कार्यक्रममा होस्टेल निर्माण गर्ने लक्ष्य समावेश गरेको थियो । सडकमा छाडिएका कुकुरलाई होस्टेलमा राखेर खानपान र स्याहारको व्यवस्था गर्न थालेपछि बागलुङ बजारको समस्या क्रमशः घट्दै गएको पशु शाखा प्रमुख सापकोटाले बताउनुभयो । उहाँका अनुसार कुकुरको टोकाइबाट हुने जोखिम कम गर्न बजारका करिब एक हजार ८०० कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको छ । मानिस र कुकुर दुवैको सुरक्षालाई ध्यानमा राखेर होस्टेल सञ्चालन गरिएको उहाँले सो क्रममा बताउनुभयो । सडकमा छाडिएका कुकुरले यात्रुलाई टोक्ने तथा सवारी दुर्घटनाको जोखिम बढाउने गरेकाले समस्या समाधान का लागि होस्टेल निर्माण गरिएको हो । होस्टेलमा रहेका कुकुरको हेरचाहका लागि एक जना कर्मचारी खटाइएको छ भने नगरपालिकाको पशु शाखाले नियमित प्राविधिक उपचारको व्यवस्था मिलाएको छ । सडकमा छाडिएका कुकुरबाट हुने जोखिम र रेबिजलगायत रोग नियन्त्रण गर्न होस्टेल सञ्चालन गरिएको नगरप्रमुख श्रेष्ठले बताउनुभयो । नगर प्रहरीको सहयोगमा पशु विकास शाखाले सडकका कुकुरलाई खोप लगाउने, उद्धार गर्ने र होस्टेलमा पुर्याउने काम गरिरहेको छ । पहिलो चरणमा ५० वटा कुकुर व्यवस्थापन गर्ने नगरपालिकाको लक्ष्य छ ।

होस्टेलमा कुकुरको मेनु : बिहान दूधभात, बेलुका 'चिकनभात'

होस्टेलमा रहेका कुकुरलाई नियमित खानपान र स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ । बिहान दूधभात र बेलुका 'चिकनभात' खुवाउने गरिएको नगरपालिकाले जनाएको छ। कुकुरलाई आवश्यकता अनुसार पोषणयुक्त खाना खुवाउनुका साथै पशु शाखाबाट नियमित स्वास्थ्य परीक्षण तथा प्राविधिक उपचारसमेत भइरहेको छ ।

तीन सय ८६ वर्ष पुरानो ऐतिहासिक कार्तिक नाच प्रदर्शन

ललितपुर । मल्लकालीन कला, संस्कृति र नाट्य परम्पराको जीवन्त धरोहरका रूपमा रहेको ऐतिहासिक कार्तिक नाच शुक्रबारदेखि पाटनमा सुरु भएको छ ।

तीन सय ८६ वर्ष पुरानो इतिहास बोकेको उक्त नाच यस वर्ष १२ दिनसम्म प्रदर्शन गरिने भएको कार्तिक नाच संरक्षण समितिका अध्यक्ष किरण चित्रकारले जानकारी दिनुभयो । अध्यक्ष चित्रकारका अनुसार कात्तिक २७ देखि मङ्सिर ८ गतेसम्म प्रत्येक दिन साँझ ७:०० बजे पाटन दरबार क्षेत्रस्थित कार्तिक डबलीमा नाच प्रदर्शन हुनेछ ।

नेपाल संवत् ७६१ अर्थात् विसं १६९७ मा मल्लकालीन राजा सिद्धिनरसिंह मल्लले देश र जनताको कल्याण तथा धार्मिक-सांस्कृतिक उद्देश्यले कार्तिक नाच सुरु गराएको इतिहास छ। नेपाल भाषामा 'कात्ति प्याखं' भनिने यस नाचमा भगवान् विष्णुका विभिन्न अवतार, कृष्ण लीला, धार्मिक आख्यान तथा लोकनाटक प्रस्तुत गरिने परम्परा छ । यस वर्ष भक्त सुरदास प्याखं, माधवानर लीला, बायः प्याखं, बाथः प्याखं, जलशयण, वराह अवतार, नृसिंह अवतार, वस्त्रहरण लीला र दधि लीलालगायतका प्रस्तुति रहने समितिका उपाध्यक्ष प्रकाशराज शर्माले जानकारी दिनुभयो ।

यसअघि कार्तिक नाच विसं २०३८ देखि २०६० सम्म आठ दिन, विसं २०७० मा १० दिन र २०७१ देखि २०७६ सम्म १२ दिन प्रदर्शन गरिएको थियो। कोरोना महामारीका कारण विस २०७७ मा भने दुई दिनमा सीमित गरियो ।

यस ऐतिहासिक नाचको संरक्षण र निरन्तरताका लागि आर्थिक स्रोत, कलाकारको व्यावसायिक विकास तथा नयाँ पुस्तामा सीप र परम्पराको हस्तान्तरण चुनौतीका रूपमा रहेको समितिले जनाएको छ । ललितपुर महानगर पालिकाले विगतमा रु एक करोडको अक्षयकोष स्थापना गरेकामा पछि त्यसमा रु १० थप गरिएको थियो । यस वर्ष नाच सञ्चालनका लागि महानगरपालिका-१६ ले रु १५ लाख सहयोग गर्ने छ । दीर्घकालीन संरक्षणका लागि समितिले रु १० करोडको अक्षयकोष स्थापना गर्ने लक्ष्यसमेत अघि सारेको छ । नाचलाई ऐतिहासिक स्वरूपअनुसार पुनः २७ दिनसम्म सञ्चालन गर्न सक्ने वातावरण निर्माण गर्ने समितिको योजना रहेको कार्तिक नाच प्रचारप्रसार समितिका संयोजक सञ्जय शर्मा राजोपाध्यायले जानकारी दिनुभयो ।

कार्तिक नाच संरक्षण समितिले ऐतिहासिक सम्पदाको अवलोकन तथा संरक्षणमा साथ दिन सर्वसाधारण, संस्कृतिप्रेमी र स्वदेशी तथा विदेशी पर्यटकलाई आग्रह गरेको छ। महानगरपालिका-१६ का अध्यक्ष निर्मलरत्न शाक्यले नेपालकै गौरवको रुपमा रहेको र इतिहास बोकेको नाचलाई राष्ट्रिय महत्त्वको सम्पदाका रुपमा पहिचान गराउने प्रयास भइरहेको बताउनुभयो। एक महिनासम्म सञ्चालन हुने उक्त ऐतिहासिक सांस्कृतिक नाचलाई विश्वको अमूर्त सम्पदामा सूचीकृत गर्ने तयारी भइरहेको जानकारी दिँदै उहाँले अर्को वर्ष २७ दिनसम्म नै सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिनुभयो ।

नारायणी किनारमा 'दुर्व्यसनी' बढे

नवलपुर (नवलपरासी) । नारायणी नदीकिनारामा लागुऔषधको प्रयोग कर्ता (दुर्व्यसनी) हरु बढेपछि स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

पछिल्लो समय पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण बन्दै गएको नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा दुर्व्यसनी बढ्दै गएपछि स्थानीयमा चिन्ता बढेको हो । नारायणी नदीको दृश्यावलोकनका लागि मध्यविन्दु-३ स्थित नारायणी नदीकिनारलाई अन्यत्रबाट आउने व्यक्तिले लागुपदार्थ दुर्व्यसनीको अखडा जमाउँदै गएको स्थानीय भरत श्रेष्ठले बताउनुभयो ।

गाउँ बाहिरका मानिस यहाँ आउने र नदी किनारमा सवारीसाधन पार्किङ गरी किनारमा रहेको खरको झाडीमा गएर गाँजालगायतका लागुऔषध तथा मादक पदार्थ सेवन गर्ने गरेको श्रेष्ठले बताउनुभयो । स्थानीय कविता पौडेलले नदी किनारमा केटाकेटी लिएर जान पनि डर हुने गरेको गुनासो गर्नुभयो ।

अन्यत्रबाट आउने मान्छेले ल्याएका खानेकुरा तथा प्लास्टिकका सामान नदी किनारमा छरपस्टै फालिएकाले नदी प्रदूषित बढेको छ। जिल्ला समन्वय समिति नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का सदस्य राजु अर्यालले किशोरावस्थाका युवालाई दुर्व्यसनी मा नलाग्न गरिएको अनुरोध सुनुवाइ नभएकोमा चिन्ता व्यक्त गर्नुभयो । टाढाबाट आउने मानिस होटलमा भन्दा पनि खुला ठाउँमा बसेर दृश्यावलोकनमा रमाउने गरेको अर्यालले बताउनुभयो । स्थानीय सरकारले नदी किनारलाई व्यवस्थित बनाउँदै सुन्दर पर्यटकीय गन्तव्य बनाउन लाग्नुपर्ने स्थानीय दीपक विकको भनाइ छ ।

नदीकिनारमा मादक पदार्थ तथा लागुपदार्थ सेवनमा रोक लगाउनुपर्ने, जथाभावी फोहर फाल्न प्रतिबन्ध लगाउनुपर्ने र फोहर जम्मा पारेर राख्ने व्यवस्था गर्नुपर्ने विकले बताउनुभयो ।

नारायणी किनारमा फोहर व्यवस्थापन र लागुपदार्थको दुर्व्यसनी बाट नारायणी हाइटलाई मुक्त पार्न सके भविष्यमा यस स्थान बाह्य पर्यटकको गन्तव्य बन्न सक्नेछ ।

धार्मिक आस्था र किंवदन्तीले घेरिएको रसुवाको भैरवकुण्ड

रसुवा । रसुवाको गोसाइँकुण्ड क्षेत्रमा अवस्थित भैरवकुण्ड अन्य कुण्डभन्दा फरक धार्मिक मान्यता, किंवदन्ती र जनविश्वासका कारण विशिष्ट पहिचान बोकेको तीर्थस्थल हो । गोसाइँकुण्ड क्षेत्रमा रहेका दर्जनौं साना-ठूला तालतलैयामध्ये भैरवकुण्डलाई भय र निषेधसँग जोडिएको कुण्डका रूपमा लिने गरिन्छ ।

समुद्री सतहबाट उच्च हिमाली क्षेत्रमा रहेको मुख्य गोसाइँकुण्ड (छोकर) भन्दा तल र सरस्वतीकुण्ड (वाङ्लत्ती) भन्दा माथि भैरवकुण्ड अवस्थित छ । स्थानीय तामाङ समुदायले यसलाई 'छोना' अर्थात् कालोकुण्डका रूपमा चिन्ने गरेका छन्। गोसाइँकुण्डलाई शुद्धता, जीवन र आशीर्वादको प्रतीक मानिन्छ भने भैरवकुण्डलाई भय र निषेधको प्रतीकका रूपमा बुझिन्छ । यही धार्मिक मान्यताका कारण गोसाइँकुण्ड दर्शन गर्न पुग्ने तीर्थयात्री भैरवकुण्डमा स्नान गर्दैनन्। गोसाइँकुण्डको परिक्रमा गरी फर्किंदा भैरवकुण्डतर्फ फर्केर हेर्नसमेत नहुने जनविश्वास छ । गोसाइँकुण्ड गाउँपालिका-५ की कार्यवाहक वडाध्यक्ष डोल्मा याङजेन तामाङका अनुसार गोसाइँकुण्डमा श्रद्धापूर्वक स्नान गर्ने तीर्थयात्री भैरवकुण्डमा भने नहेरी र नस्नाई अगाडि बढ्ने परम्परा छ । उक्त परम्परालाई निरन्तरता दिँदै आगन्तुकलाई जानकारी दिन सुरक्षित पदमार्ग निर्माण र सूचना पाटी राख्ने योजना वडा कार्यालयले बनाएको उहाँले बताउनुभयो ।

भैरवकुण्डको उत्पत्तिसँग हिन्दू र बौद्ध धर्मका विभिन्न पौराणिक कथा तथा जनश्रुति जोडिएका छन्। हिन्दू धार्मिक मान्यताअनुसार सत्ययुगमा भगवान् शिवले ब्रह्माको शिर छेदन गरेपछि लागेको दोष निवारण गर्न तथा शारीरिक कष्ट शान्त पार्न गोसाइँकुण्डभन्दा तल यो कुण्ड निर्माण गरी तपस्या गर्नुभएको थियो । अर्को कथनअनुसार देवता र दानवले समुद्र मन्थन गर्दा निस्किएको विष सृष्टिको रक्षाका लागि महादेवले पिउनुभएको थियो । घाँटीमा अड्किएको विषको डाह सहन नसकी महादेवको शरीरबाट बगेको पसिना जमेर भैरवकुण्ड बनेको विश्वास गरिन्छ। विषयुक्त पसिनाबाट कुण्ड बनेको मान्यताका कारण यहाँ विषालु नागको बास रहेको र यसको पानी अशुद्ध हुने जनविश्वास छ।

बौद्ध धर्मसँग सम्बन्धित जनश्रुतिअनुसार भने महादेवका दाजु 'छोना' ले भैरवकुण्ड निर्माण गरेका हुन्। रसुवाका लेखक फुर्पा तामाङद्वारा लिखित 'जैविक विविधता संरक्षण, पर्यटन विकासमा धर्म-संस्कृति' पुस्तकमा उल्लेख भएअनुसार स्वच्छ बासस्थानको खोजीमा निस्किएका दाजुभाइमध्ये दाजु छोनाले उपयुक्त स्थान भेटेपछि भाइलाई बिर्सिए। दाजुको व्यवहारबाट क्रोधित महादेवले 'मन कालो भएकाले तिमीले बनाएको कुण्ड पनि कालो होस्' भनी श्राप दिएको कथन छ। त्यही श्रापका कारण छोनाले बनाएको कुण्ड कालोकुण्ड अर्थात् भैरवकुण्ड र महादेवले बनाएको कुण्ड सेतोकुण्ड अर्थात् गोसाइँकुण्ड कहलिएको जनविश्वास रहेको पुस्तकमा उल्लेख छ। धुन्चेका स्थानीय तथा लामा गुरु रिन्जेन घलेका अनुसार बौद्ध र तामाङ परम्परामा गोसाइँकुण्डलाई 'छोकर' अर्थात् शुद्ध सेतो कुण्ड र भैरवकुण्डलाई 'छोना' अर्थात् कालोकुण्डका रूपमा बुझिन्छ । भैरवकुण्डमा क्रोध र विसर्जनको ऊर्जा रहने धार्मिक विश्वासका कारण त्यहाँ स्नान गर्न र फर्केर हेर्नसमेत निषेध गरिएको उहाँ बताउनुहुन्छ । यस्तो मान्यताले प्रकृति र धार्मिक आस्था प्रतिको अनुशासनलाई पनि झल्काउने उहाँको भनाइ छ । भैरवकुण्डसँग तामाङ समुदायको गोले थरका मानिसको विशिष्ट कुलपरम्परा पनि जोडिएको छ ।

जुवाको खालबाट तीन जिल्लाका २३ व्यक्ति पक्राउ

काठमाडौं। जुवाको खालबाट भक्तपुर, रूकुम पश्चिम र सुनसरी जिल्लाबाट २३ व्यक्ति पक्राउ परेका छन् ।

भक्तपुर सूर्यविनायक नगर पालिका-७ गुण्डुबाट जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३४ वर्षीय सुनिल धिमिरेसमेत नौ जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर भक्तपुर बाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु दुई लाख ३६ हजार १०० र छ बुक ताससहित पक्राउ गरेको हो। रूकुम पश्चिम, चौरजहारी नगरपालिका-२ स्थित बसपार्कबाट जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-१ बस्ने ३५ वर्षीय दीपक नेपालीसमेत तीन जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिमबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु ५६ हजार ९९० र एक बुक ताससहित पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ ।

यस क्रममा सुनसरी, धरान उपमहानगरपालिका-११ सेवालुङ चोकबाट जुवातास खेलिरहेको अवस्थामा सोही उपमहानगरपालिका-१६ जोरसखुवा बस्ने ३३ वर्षीय सोम तामाङसमेत ११ जनालाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय धरान बाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु पाँच लाख ९२ हजार ५०० र १२ बुक ताससहित पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएका छ ।

आइटियुमा नेपालको सहभागिता अर्थपूर्ण

काठमाडौं । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु)को महासम्मेलन (आइटियु पिपी-२६) मा नेपालले अर्थपूर्ण र प्रभावकारी सहभागिता जनाएको बताउनुभएको छ ।

कतारको दोहामा जारी सम्मेलनमा सहभागी भई स्वदेश फर्किएपछि शुक्रबार त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार भेटमा उहाँले उदीयमान प्रविधिको प्रयोगमार्फत विकासशील राष्ट्रमा देखिएको 'डिजिटल डिभाइड'लाई कम गर्ने र प्रविधिको पहुँच बढाउने विषयमा नेपालले आफ्नो धारणा प्रस्तुत गरेको जानकारी दिनुभयो ।

सम्मेलनका क्रममा सूचना प्रविधि र टेलिकम क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेका देशसँग आगामी दिनमा डिजिटल रुपान्तरणका बारेमा सहकार्य र साझेदारी अभिवृद्धि गर्नेबारेमा पनि छलफल भएको उहाँले जानकारी दिनुभयो ।

"सूचना प्रविधिका क्षेत्रमा पहुँच विस्तार हुँदै जानुपर्नेमा विभिन्न कारणले त्यो पहुँच खुम्चिँदै गएको पनि पाइएको छ ।

सूचना प्रविधिको पहुँच कसरी विस्तार गर्ने भन्नेमा द्विपक्षीय छलफल भयो", उहाँले भन्नुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com